# क्षेत्र निर्धारण सम्बन्धि सार्वजनिक सूचना

## जगदुल्ला-ए अर्धजलाशययुक्त (PROR) जलविद्युत आयोजना (१२४.३५ मेगावाट) को वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारणसम्बन्धी सार्वजनिक सूचना

प्रकाशन मितिः २०८२/०४/०५

कर्णाली प्रदेश, डोल्पा जिल्लाको मुड्केचुला गाउँपालिका तथा जाजरकोट जिल्लाको नलगाड नगरपालिकामा जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

**प्रस्तावकको नाम र ठेगाना**

नामः जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड, ठेगानाः बानेश्वर-३१, काठमाडौं

फोन नं. : +९७७-०१-४५७९२४२, ई-मेलः info@jhcl.com.np, वेबसाईटः https://jhcl.com.np/

**प्रस्तावको व्यहोराः**

जगदुल्ला-ए अर्धजलाशययुक्त जलविद्युत आयोजनालाई जगदुल्ला अर्धजलाशययुक्त जलविद्युत आयोजनाको semi-cascade परियोजनाको रुपमा परिकल्पना गरिएको छ । यस आयोजनाको क्षमता १२४.३५ मेगावाट रहेको छ । यसका लागि मुड्केचुला गाउँपालिकाको वडा नं. ४ स्थित इलमा रहेको जगदुल्ला अर्धजलाशययुक्त जलविद्युत आयोजनाको टेलरेस सुरुङबाट निस्केको पानी जगदुल्ला-ए जलविद्युत आयोजनाको हेडरेस सुरुङले प्रयोग गर्ने प्रस्ताव गरिएको छ । साथै, फेदी खोलाको पानी पनि यस आयोजनाले प्रयोग गर्नेछ र सो आयोजनाको लागि चाहिने जगदुल्ला नदीको पानी प्रयोग गर्न १९ मि. अग्लो बाँध बनाइने छ र यस बाँधका कारण जगदुल्ला नदीमा करिब १,२८,१४५ वर्ग मिटर क्षेत्रफ़लमा फैलिएको ८,२०,००० घन मिटर क्षमताको जलाशय बन्नेछ । ३०.६ घन मिटर प्रति सेकेन्डको वहाव प्रयोग गरि वार्षिक करिब ७०८.२६ गिगावाट घण्टा बराबरको उर्जा उत्पादन गर्ने गरि आयोजनाको डिजाइन गरिएको छ । त्रिवेणीबाट करिब ५ किलोमिटर टाढा रहेको जमिनमुनि बनाइने विद्युत गृहमा भूमिगत Headrace tunnel मार्फत पानीलाई ३ वटा टर्वाइनमा खसाली विद्युत् उत्पादन गरिनेछ । विद्युत उत्पादन पश्चात tailrace tunnel बाट पानीलाई पुनः भेरी नदीमा छोडिनेछ । आयोजनाबाट उत्पादित विद्युत प्रसारणका लागि विद्युत गृहबाट करिब ३४ किलोमिटर लामो प्रसारण लाईन मार्फत दानीपिपल, पश्चिम रुकुममा स्थित ४०० kV को नलगाड हब सबस्टेशनमा जोडिनेछ ।

**प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा.:**

**प्रदेश र जिल्ला** : कर्णाली प्रदेशको डोल्पा जिल्ला र जाजरकोट जिल्ला

**गाउँपालिका / नगरपालिका** : डोल्पा, मुड्केचुला गाउँपालिका ; जाजरकोट, नलगाड नगरपालिका

वडा नं.: मुड्केचुला गाउँपालिका वडा नं. १, २, ३, ४ र नलगाड नगरपालिका वडा नं. १३ मुख्य रुपमा प्रभावित हुने

माथी उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मुल्यांकन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको न.पा/गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरि लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नामः जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड<br>ठेगानाः बानेश्वर-३१, काठमाडौं<br>फोन नं. : +९७७-०१-४५७९२४२, ई-मेलः info@jhcl.com.np |
| **परामर्शदाताको नाम र ठेगाना** | नामः इ.आर.यम.सि./श्रेष्ठ कन्सल्टेन्ट / ग्रिड (जे. भी)<br>ठेगानाः एकान्तकुना, जावलाखेल, ललितपुर, फोन नं. : +९७७-०१-५४३२३०५<br>ईमेलः stha.consultant@gmail.com |